# कोरोना महामारी (COVID-19) रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्बन्धि मार्गदर्शन २०७६

## १. पृष्ठभूमिः

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ११ क (ण) मा विपद जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने र (ध) मा विपदको समयमा खोज उद्दार र राहत कार्यका लागि तत्काल परिचालन गर्न स्वयंसेवक ब्युरो गठन गर्ने भनी उल्लेख भएको छ ।तसर्थ प्रहरी, स्थानीय स्वास्थ्यकर्मी, सामुदायिक स्वयंसेवकहरु, र महिला स्वास्थ्य स्वयंसेविका, रेडक्रस र गैरसरकारी संस्था हरुको सहभागितामा स्थानीय तहका हरेक वडाहरुमा फिल्ड/ समुदायस्तरको कोरोना रोकथाम समूह (COVID-19 Prevention Group – CPG) गठन गरी परिचालन गर्नु आवश्यक छ ।

हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले उच्चस्तरीय समन्वय समिति गठन भई उक्त समितिबाट कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विभिन्न निर्णयहरु लिई कार्यान्वयन भैरहेको छ ।उच्चस्तरीय समितिको निर्णयानुसार स्थानीय तहमा वडास्तरबाट समुदायमा स्वयंसेवक परिचालन गर्न यो मार्गदर्शन जारी गरिएको छ ।

## २. उद्देश्यहरु

विश्वमा महामारीको रुपमा फैलिरहेको नोवेल कोरोना भाईरस (COVID 19) लाई समयमा नै पहिचान गरी यसको रोकथाम, नियन्त्रण, उपचारमा सहजीकरण तथा शव व्यवस्थापन लगायतका कार्यहरुमा समुदायको अग्रणी भूमिका रहन्छ।समुदाय परिचालनवाट महामारीलाई नियन्त्रण गरी व्यक्ति, समुदाय र राष्ट्रलाई वचाउन सकिन्छ।तसर्थ मार्गदर्शनका उद्देश्यहरु देहाय बमोजिम छन् ।

- स्थानीय तह, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, महिला स्वास्थ्य स्वयंसेविका, रेडक्रस, गैरसरकारी संस्थाका प्रतिनिधि र सामुदायिक स्वयंसेवकहरुको सहभागितामा स्थानीय तहका हरेक वडाहरुमा फिल्ड समुदायस्तरको **कोरोना रोकथाम समूह** (**COVID-19 Prevention Group – CPG)** गठन गरी परिचालन गर्ने,
- संक्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने ।

## २. कोरोना रोकथाम स्वयंसेवक समूहको संरचनाः

| वडास्तरीय संयोजन | स्वास्थ्यकर्मी | महिला स्वास्थ्य स्वयंसेविका | स्वयंसेवक/ रेडक्रस/गैससका प्रतिनिधि | प्रहरी |
|---|---|---|---|---|
| वडाध्यक्ष | १ | १ | २-३ | १ |

यस्तो समूह आवश्यकता अनुसार एउटै वडाभित्र टोल टोलमा समेत गठन हुनेछ ।

## ३. छनौटको मापदण्डः

**(क) स्वास्थ्यकर्मी**

सम्बन्धित वडा तहमा सरकारी स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट १ जना

**(ख) महिला स्वास्थ्य स्वंसेविका**

वडा तहको सम्बन्धित क्षेत्रमा काम गर्ने महिला स्वास्थ्य स्वंसेविकामध्येबाट

(ग) प्रहरी

जिल्ला प्रहरी कार्यालयले मातहतका प्रहरी ईकाईहरुलाई परिचालन गरी स्थानीय तहको राम्रो ज्ञान भएका प्रहरी कर्मचारीहरु मध्येबाट हरेक वडामा समन्वयको लागि १ जना प्रहरी कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

**(घ) स्वयंसेवक**

स्थानीय तहहरुले स्वयंसेवकहरुको छनौट देहाय बमोजिम गर्नेछन्:

- सम्भव भएसम्म म्यादी प्रहरीको रुपमा काम गरेका वा पूर्व सुरक्षाकर्मीहरु, समुदाय-प्रहरी साझेदारी कार्यक्रमका स्थानीय तह, वडा र टोल समितिमा क्रियाशील वा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत परिचालन भएका व्यक्तिहरु मध्येबाट ।
- उपलब्ध भए अनुसार रेडक्रस स्थानीय गैससका प्रतिनिधिहरुबाट।

## ४. कोरोना रोकथाम स्वयंसेवक संयोजन र व्यवस्थापनः

- **समूहको गठन र परिचालनका लागि** समुदायस्तरको संयोजन वडास्तरीय विपद व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य समितिबाट हुनेछ र समूहको सम्पूर्ण परिचालनको दायित्व वडाध्यक्षको हुनेछ ।
- समूहका सदस्यहरु यस कार्यका लागि समुदायमा परिचालित हुँदा आवश्यक मास्क र सेनिटाईजरको व्यवस्थापन सम्बन्धित स्थानीय तहबाट हुनेछ ।

## ५. समूहका काम, कर्तव्य र जिम्मेवारीहरु

- नेपाल सरकार, गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्य सम्वन्धित विषयगत मन्त्रालयहरुको नीति निर्देशन भित्र रहि स्थानीय तह, वडा र टोलहरुमा कोरोना भाइरस (COVID 19) को लक्षण र यसवाट वच्ने

उपाय, विदेशवाट समुदायमा आएका व्यक्ति तथा अन्य शंकास्पद संक्रमित व्यक्तिहरुलाई अनिवार्यरुपमा क्वारेन्टाइनमा वस्नुपर्ने व्यवस्था मिलाउने, क्वारेन्टाइनमा बस्दा पालना गर्नुपर्ने जिम्मेवारीहरु पालना गर्न लगाउने,

- खोक्दा वा हाछ्यूं गर्दा नाक र मुख कुहिना वा टिस्यू पेपरले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई विर्को भएको भाँडामा फाल्ने र कम्तीमा बीस सेकेन्ड मिचीमिची सावुन पानीले हात धुन सिकाउने लगायतका जनचेतनामूलक कार्यक्रमहरु गर्ने,
- समुदायमा कुनै व्यक्तिलाई कोरोना भाइरस देखिएमा निजसंग सम्पर्कमा आएका सबै व्यक्तिहरुको पहिचान (कन्ट्याक्ट ट्रेसिङ) गरी अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने र क्वारेन्टाइनमा बस्दा पालना गर्नु पर्ने जिम्मेवारीहरु अनिवार्य रुपमा पालना गर्न लगाउने
- क्वारेन्टाइन, आइसोलेशन र अस्पतालबाट स्वास्थ्य लाभ गरी घर फर्केका र शंकास्पद संक्रमितलाई सम्मानजनक तथा मानवोचित व्यवहार गर्ने गराउने
- जेष्ठ नागरिक, वालवालिका, दीर्घ रोगी, गर्भवती, सुत्केरी तथा विशेष प्रकृतिका व्यक्तिहरुको स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिने ।
- समुदायमा विदेशबाट आएका र कोभिड-१९ सँग मिल्दा जुल्दा लक्षण भएका विरामीहरुको समयमै पहिचान गरी एकीन तथ्याङ्क तयार गर्ने,
- कोरोना महामारी (COVID 19) को समयमा विदेशवाट आएका र कोरोना भाईरस (COVID 19) सँग मिल्दाजुल्दा लक्षणहरु (ज्वरो आउने, सुख्खा खोकी लाग्ने र श्वासप्रश्वासमा कठिनाइ हुने) देखिएका विरामीहरुको पहिचान गरी छुट्टै आइसोलेशनमा राख्ने तथा कोभिड - १९ जाँच हुने नजिकको स्वास्थ्य संस्थामा चेकजाँचका लागि पुग्ने व्यवस्था मिलाउने,
- नेपाल सरकारले जारी गरेको लक डाउन (Lock Down) लाई सफल वनाउन अति आवश्यक वाहेक स्थानीय तह, वडा तहमा हुने आवागमनलाई रोक्ने,

अति आवश्यक भेटघाट, वैठक र किनमेल गर्दा कम्तिमा तीन फिटको दूरी कायम राख्ने व्यवस्था गर्ने,

- विदेशवाट आएका, शंकास्पद संक्रमित,स्वास्थ्य लाभ गरिरहेका र कोरोना भाईरसवाट संक्रमित भई सञ्चो भएकाव्यक्तिहरुलाई सम्मानजनक व्यवहार गरी मनोवल उच्च राख्ने र समाजमा पुनर्स्थापना हुने वातावरण सृजना गर्ने,
- समुदायमा कसैलाई कोभिड –१९ को शंका भएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेवसाइट(https://covid19.mohp.gov.np/#/forms) मा राखेको online फारम भर्न (लक्षणको मूल्यांकन गर्ने) प्रेरित गर्ने, यस बाट आफ्नो स्वास्थ्य स्थिति कुन अवस्थामा छ जानकारी प्राप्त हुन्छ आवश्यक भएमा स्वास्थ्यकर्मीलाई ट्रेसिङमा सहजीकरण गर्ने ।
- समुदायमा कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रण गर्नको लागि डिस्इन्फेक्सन गर्न सहजीकरण गर्ने
- जिल्ला शव व्यवस्थापन समितिलाई शव व्यवस्थापन कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

## ६. सुरक्षा र प्रोत्साहन

नेपाल सरकारका नीति नियमहरुको अधिनमा रही स्थानीय तहहरुले कोरोना रोकथाम समूहका लागि अत्यावश्यक आधारभूत सुरक्षा सामाग्रीहरु जस्तै मास्क र सेनिटाईजर व्यवस्थापन गर्नेछन् ।यसका अतिरिक्त समूहलाई शंकास्पद विरामीका व्यवस्थापनका लागि लागि मास्क, थर्मोमिटर, सीटामोल, सेल्फ क्वारेन्टाइन फाराम, पंजा, हाते माइक, उपलब्ध हुनेछ । शंकास्पद प्रेषण (रिफर) गर्न तोकिएको अस्पताल तथा एम्बुलेन्स सहित आवश्यक सरोकारवालाहरुको टेलिफोन नम्बर सहितको विवरण उपलब्ध हुनेछ ।स्थानीय तहबाट यस मार्गदर्शन बमोजिम समूहमा परिचालन हुने स्वयंसेवकहरुको म्यादी बीमाको समेत

व्यवस्था गराइनेछ ।विद्यमान अवस्थामा परिचालन गर्दाको जोखिमलाई मध्यनजर गरी काम गरेको दिनको दैनिक खाना तथा खाजाको लागि प्रति व्यक्ति प्रति दिन रु. ५००।- (अक्षरेपी पांच सय मात्र) र प्रोत्साहन बापत प्रति व्यक्ति प्रति दिन रु. १०००।- (अक्षरेपी एकहजार मात्र) उपलब्ध गराइनेछ । यस्तो रकम हाललाई स्थानीय तहबाट खर्च गर्ने र सो को सोधभर्ना कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट हुनेछ । परिचालन भएका सम्पूर्ण स्वयंसेवकहरुको अभिलेख दुरुस्त रुपमा राखी महामारी रोकथाम पश्चातको अवस्थामा हरेक स्थानीय तहबाट प्रशंसा पत्रको व्यवस्था समेत गरिनेछ।

## ७. अनुगमन तथा प्रतिवेदन

समूह परिचालनको नियमित अनुगमन स्थानीय विपद व्यवस्थापन समितिबाट हुनेछ।समूहले गरेको कामको प्रतिवेदन वडाध्यक्षले सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं